CIVIC ACTION TEAMS

# FAIR FACTS

Elections Edition

अंक
१२३
२७।०१।२०७९



निर्वाचन सामाग्री बोकेर मतदान केन्द्रतर्फ जाने तयारीमा कर्मचारी ।

*तस्विर: रोजन तामाङ*




निर्वाचन आयोगका अनुसार अहिलेको स्थानीय तह निर्वाचन, स्थानीय तह निर्वाचन, २०७४ भन्दा सस्तो हुने अनुमान ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**मतसंकेत गर्न नसक्ने व्यक्तिको हकमा परिवारका सदस्यले मतदान गरिदिन मिल्छ रे !**

यस्तो अवस्थामा अनुमती प्राप्त व्यक्ति वारिस नभएर सहयोगी मात्र हुन्छ ।

---

**उमेदवारले प्रचार प्रसारमा निर्वाचन आयोगले तोकेको सिमा भन्दा कयौं गुणा बढी खर्च गरिरहेका हुन्छन् नि ?**

नियमको उलंघन गरिएको पाईएमा कारवाही हुने निर्वाचन आयोगले जनाएको छ ।


---

**के मौन अवधिमा उमेदवारले सामाजिक सञ्जाल पनि प्रयोग गर्न नपाईने हो ?**

सामाजिक सञ्जालबाट राजनीतिक दल वा उमेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामाग्री पोष्ट वा शेयर गर्न नपाईने भनेको हो ।

# फ्याक्ट सिट

## स्थानीय तह निर्वाचन, २०७९ मा मुख्य पदमा उमेदवारको लैंगिक वर्गिकरण







हरेक वडामा १ जना महिला सदस्य र १ जना दलित महिला सदस्य अनिवार्य चुनिनु पर्ने संवैधानिक व्यवस्था गरिएको छ । त्यसै गरेर, निर्वाचन आयोग ऐनले हरेक राजनीतिक दलले उमेदवार चयन गर्दा नगरपालिकाको हकमा प्रमुख र उपप्रमुख र गाउँपालिकाको हकमा अध्यक्ष र उपाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनुपर्ने भनेको छ । तर, कुनै राजनीतिक दलले उक्त पद मध्ये एउटा पदमा मात्र उमेदवारी दियो भने त्यो सर्त लागु हुँदैन । माथिको तथ्यांक हेर्ने हो भने पनि प्रमुख र अध्यक्षमा महिलाको सहभागिता न्युन देखिन्छ । त्यसै गरेर वडा अध्यक्षका जम्मा ३५,४०० उमेदवार मध्ये १०५० जना मात्र महिला उमेदवार हुनुले पनि राजनीतिक दलहरूको समावेशिताको मुद्दा कागजमा मात्र सिमित छ भन्ने देखाउँछ ।

स्रोत : https://election.gov.np/admin/public//storage

# हल्ला र तथ्य

आँखा नदेख्ने र मतसंकेत गर्न नसक्ने व्यक्तिको हकमा परिवारका सदस्यले मतदान गरिदिन मिल्छ रे !

त्यस्ता मतदाताले मतदान अधिकृतलाई अनुरोध गरेको अवस्थामा मात्र एकाघरको परिवारको सदस्यलाई सहयोगको लागि अनुमति दिन सकिन्छ । तर, त्यसरी अनुमती दिँदा एक्लै मतदान कक्षमा गई आफै मतदान गर्न असमर्थ व्यक्ति हो वा होईन एकिन गरेर मात्र अनुमति दिनुपर्दछ । त्यस्तो अनुमती प्राप्त व्यक्ति वारिस नभएर सहयोगी मात्र हुन्छ । उसले मतदान अधिकृतको रोहबरमा सम्बन्धित मतदाताले भने बमोजिमको निर्वाचन चिन्हमा मात्र मतसंकेत गर्नुपर्ने हुन्छ ।

Source:  https://election.gov.np/admin/public//storage

उमेदवारले प्रचार प्रसारमा निर्वाचन आयोगले तोकेको सिमा भन्दा कयौं गुणा बढी खर्च गरिरहेका हुन्छन् । के यसको नियमन हुँदैन ?

निर्वाचन आयोगले, उमेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैंक तथा वित्तिय संस्थामा खाता खोली गर्नुपर्ने व्यवस्था गरेको छ । निर्वाचन सम्पन्न भईसकेपश्चात हरेक उमेदवारले आमदानी तथा खर्च सहितको बैंक खाताको विवरण निर्वाचन आयोगले तोकेको ढाँचामा निर्वाचन कार्यालयमा बुझाउनु पर्दछ । त्यस्तो नियमको उलंघन गरिएको पाईएमा निर्वाचन आयोग ऐन, २०७३ तथा निर्वाचन आचारसंहिता, २०७८ बमोजिम कारवाही हुने निर्वाचन आयोगले जनाएको छ ।

Source: https://election.gov.np/admin/public//storage

आउँदै गरेको निर्वाचन अगाडीको मौन अवधि कहिले देखी सुरु हुने हो ? के यो अवधिमा उमेदवारले सामाजिक सञ्जाल पनि प्रयोग गर्न नपाईने हो ?

निर्वाचन आयोगका अनुसार बैशाख २७ गते मंगलबार राती १२ बजे देखी मौन अवधि सुरु हुन्छ । सो अवधिमा सामाजिक सञ्जाल प्रयोग गर्नै नपाईने भनेको होईन, तर सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य माध्यमबाट राजनीतिक दल वा उमेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामाग्री पोष्ट वा शेयर गर्न नपाईने भनेको हो ।

Source: https://election.gov.np/admin/public//storage

## हाल सम्म करिब १० वटा निर्वाचनमा सहभागि भए

मैले सबै भन्दा पहिला २०३३ सालमा गाउँ, नगर र जिल्ला पञ्चायतको निर्वाचन हेर्न पाएँ । तर, उमेर हदका कारण सहभागी भने हुन पाइन । त्यस पटकको चुनावलाई गाउँ फर्क अभियान पनि भनिएको थियो । चुनावमा दुई वटा रंगको प्रयोग भएको थियो । जसमा निलो संग बहुदल र पहैंलो रंग निर्दलको लागि प्रयोग भएको थियो । त्यस पछि भएको स्थानीय निर्वाचन २०३९ मा भने मैले पहिलो पटक मतदान गरें । त्यसबेला हरेक गाउँबाट ४७ जना छानिएका थिए । अहिले स्पिकरमा रेकर्ड गरेर चुनावी गित र मत माग्ने काम हुने भएपनि, त्यतीबेला सामान्य पर्चामा हातले लेखिएका बिषयलाई गितको माध्यमबाट गाउँगाउँमा सुनाउने गरिथ्यो । देश विदेशमा भएका विकासलाई कथानक बनाएर श्लोक मार्फत पनि भन्ने गरिथ्यो । गाडी चलेको, बिजुली बति बलेकोसम्मका कुराहरु सो गितमा समावेश हुने गरेका हुन्थे ।

एउटा मान्छेको पक्षमा पुरै गाउँनै लाग्ने गर्दथ्यों । ठुलाठुला भौतिक विकासमा खासै धेरै कुरा हुँदैनथ्यो । कुवा, गोरेटो र घोडेटो बनाउने बिषयमा सामुहिक छलफल गरिथ्यो । बिरुवा रोप्ने, जोगाउने, चौतारा बनाउने, मन्दिर र पाटी पौवा बनाउने कुरामा धेरैको चाँसो हुन्थ्यो । त्यतीबेलाका चुनावी नारा नै व्यक्तिगत जग्गाको तिरो कम गराउने हुन्थ्यो । मानिससँग जग्गा उपभोग गरेवापत तिरो तिर्न सक्ने पैसा हुदैनथ्यो । तर जग्गा भने धेरै उपभोग गरेकाले त्यो तिरो कम गराउन मतदाताले उमेदवारसँग माग राख्ने गर्दथे । व्यक्ति भन्दा पनि गाउँ नै फरक फरक समुहमा विभाजन हुने गर्दथ्यों । गाउँमा एक जना नेता छानेर उही मार्फत चुनावी कार्यक्रमहरुको प्रचार हुने गर्दथ्यो । चुनाव जितेपछि गाउँलाई नै भोज खुवाईन्थ्यो ।

त्यसपछि २०४३ सालको स्थानीय निर्वाचन, २०५४ सालको मध्यावधी निर्वाचन, २०५४ को स्थानीय निर्वाचन, संविधासभा निर्वाचन २०७२ र अन्तिम पटक



स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा गरी हाल सम्म करिब १० वटा निर्वाचनमा सहभागि भएँ । अहिले, निर्वाचनहरुमा विकास र समृद्धीका मुद्दाहरु बढी उठ्ने गरेकाछन् । प्रतिनिधीहरुले चुनाव प्रचारप्रसारका क्रममा जारी गरेका सबै प्रतिवद्धता पुरा नगरे पनि जनप्रतिनिधि निर्वाचित भईसकेपछि बाटो बनेको छ, पुल पुलेसा बनेकाछन्, विद्यालय भवन निर्माण भएकाछन् ।

> **अझै पनि असल जनप्रतिनिधि छनौट भए भने जनताका आवश्यकता पुरा हुन्थे की भन्ने विश्वास छ । आउँदो निर्वाचनमा पनि मतदान गर्न उत्साहित छुँ । तर, उमेदवार आफ्नो प्रतिवद्धता प्रति जवाफदेही र काम प्रति जिम्मेवार बनुन् ।**

**श्रीप्रसाद पौडेल**

मण्डनदेउपुर नगरपालिका वडा नं ८,
काभ्रेपलाञ्चोक

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** एउटा खुला मञ्च हो, जसले नागरिक, नेतृत्व र संस्थाहरूलाई जोड्ने काम गर्दछ र यसले निर्वाचन सम्बन्धि भ्रामक तथा मिथ्या समाचारका तथ्य पत्ता लगाएर आम नागरिकलाई सहि सूचना प्रवाह गर्दछ । अहिलेको निर्वाचनमा आम नागरिकलाई निर्वाचन प्रकृया, नागरिक सहभागिता र उमेदवारको बारेमा छिटो र भरपर्दो जानकारी आवश्यक पर्दछ । फेयर फ्याक्ट्सको माध्यमबाट हामी निर्वाचनलाई निष्पक्ष र समावेशी बनाउन आम नागरिकका आवाज र जिज्ञासाको सम्बोधन गर्दैं परिवर्तनकारी समाज निर्माण गर्न चाहन्छौँ । निर्वाचन भनेको मतदान मात्र होईन, यो भनेको लोकतान्त्रिक अभ्यासमा नागरिक सहभागिता र स्वतन्त्रताको विषय पनि हो । त्यसैले, लोकतन्त्रलाई बलियो बनाउन हामी तथ्यपरक सूचना प्रवाह गर्दैं समुदाय पनि निर्माण गर्छौं ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, निर्वाचन आयोनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईन एक्टिभिष्ट र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**


@accountlabnp

@accountlabnp

@accountlabnp

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org
Phone: 9851203219